# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५ ] काठमाडौं आश्विन १७ गते २०१२ साल [ संख्या ६

### गृहविभागको विज्ञप्ति

गृ. फु .४६०५ नं. ०१२।६।१२।७

एकतन्त्री शासनदेखि विभिन्न प्रकारको बन्दूक पिस्तोल इत्यादि धेरैजसो मानिसले दरकार पर्नेभन्दा बढी संख्यामा राख्ने गरी आएको र एकाघर सगोलका जहानहरूले ४ नालभन्दा बढी राख्न अनुचित देखिएकोले ४ नालभन्दा बढी बन्दूक पिस्तोल हुनेहरूले सदरमा विज्ञप्ति जारी भएका ७ सात दिनभित्र र जिल्लामा गजेट दाखिल भएका २ दुइ महिनाभित्र आफूसँग भएका बन्दूक पिस्तोलको यथार्थ विवरण खुलाई इलाका बडाहाकिम मैजिष्ट्रेटमा दाखिल गर्नें र इलाका बडाहाकिम मैजिस्ट्रेटहरूले पनि औकात हेरी एकै परिवारमा ४ नालभन्दा बढी बन्दूक पिस्तोल राख्न दिने नदिने विषय बुझी ठहर्‍याई सम्बन्धित विभागमा जाहेर गर्नें र साथै पुलीस इन्टलिजेन्सद्वारा नेपाल राज्यभर विना लाइसेन्स बन्दूक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पिस्तोल र गोली राख्नेहरूको कोशिसपूर्वक राम्ररी सुराक पत्ता लगाई ऐन सवालबमोजिम गराउने गर्नें र यसरी सुराक पत्ता उगाउनेहरूको कदर हुने, सरकारबाट निकाशा भएकोले सर्वसाधारणको जानकारीको निमित्त यो विज्ञप्ति प्रकाशित गरिएको छ।

आज्ञाले—
श्रीवत्सराज,
का. मु. सेक्रेटरी,—गृहविभाग.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।